**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**मानीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**<u>फैसला</u>**

**२०७९।०८० सालको निर्णय नं. ४५५**

**पुनरावेदन नं. ०७६-RB-००८५**

**पुनरावेदन दर्ता मितिः-२०७६।०७।०७**

**<u>मुद्दाः– आयकर (२०७०/०७१)।</u>**

| | |
|---|---|
| जिल्ला रुपन्देही रानीगाउँ भैरहवा स्थित युनिभर्सल इन्स्टीच्यूट अफ एडभान्स स्टडीज एण्ड रिसर्च प्रा.लि.को तर्फबाट अधिकार प्राप्त कम्पनी सचिव जिल्ला रुपन्देही बुटवल उ.म.न.पा.वडा नं.१२ बस्ने राजु बस्नेत क्षेत्री.......................................१ | पुनरावेदक |

**<u>विरुद्ध</u>**

| | |
|---|---|
| श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरसमेत...................................१<br>श्री आन्तरिक राजश्व विभाग,लाजिम्पाट काठमाडौं...........................................१ | प्रत्यर्थी |

**<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

शुरु निर्णय गर्ने कार्यालय :-ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारी :-प्रमुख कर प्रशासक श्री शंकर प्रसाद खरेल

शुरु कार्यालयको निर्णय मिति :- २०७२।०५।२७

**<u>प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी</u>**

निर्णय गर्ने कार्यालय :- आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं

निर्णय गर्ने पदाधिकारी :- महानिर्देशक श्री विष्णुप्रसाद नेपाल

निर्णय मिति :- २०७६।०३।२७

**<u>उपस्थित कानून व्यवसायीहरुः-</u>**

पुनरावेदकका तर्फबाट :- विद्वान अधिवक्ता श्री सुरज श्रेष्ठ

प्रत्यर्थी कार्यालयका तर्फबाट :- विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**<u>अवलम्वित नजीरः-x</u>**

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०३।२७ मा भएको निर्णय समेत उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन दर्ता भै पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री युनिभर्सल इन्स्टीच्यूट अफ एडभान्स स्टडीज एण्ड रिसर्च प्रा.लि. भैरहवा, रुपन्देहीले आर्थिक वर्ष २०७०/०७१ को आफ्नो कारोवारको सम्बन्धमा आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रू.३,५८,७९,६७८।- कायम गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७१।०९।३० मा आय विवरण पेश गरेको।

२. आर्थिक वर्ष २०७०/०७१ को लागि ठूला करदाता कार्यालयबाट कर परीक्षणको सिलसिलामा करदाताबाट पेश भएको आय विवरणसाथ संलग्न कागजात, फाँटवारी तथा प्रमाणहरूको अध्ययन, छानविन, परीक्षण गरी सो समेतको आधारमा पेश हुन आएको प्रतिवेदन समेतलाई मुख्य आधार बनाई विश्लेषण गर्दा प्रस्तुत करदाताको यस आर्थिक वर्ष २०७०/०७१ को सम्बन्धमा आयकर ऐन, २०५८ बमोजिम गर्न नपाइने खर्च दावी भएको देखिएकोले सोही ऐनको दफा १०१(१) बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि संशोधित करयोग्य आय रु.५,२६,०७,२०९।- कायम गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबूद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र पेश गर्न आयकर ऐन, २०५८ को १०१(६) बमोजिम ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७२।०५।१० मा सूचना जारी भएको।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७२।०५।१० मा जारी भएको सूचना करदाताले मिति २०७२।०५।१४ मा बुझी लिई सोको लिखित जवाफ करदाताले मिति २०७२।०५।२५ मा पेश गरेको।

४. करदाताको आर्थिक वर्ष २०७०/०७१ को लागि रु.५,२६,०७,२०९।- करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ को दफा १०१(१) बमोजिम संशोधित कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७२।०५।२७ मा खडा भएको निर्णय पर्चा।

५. युनिभर्सल ईन्स्टिच्यूट अफ एडभान्स स्टडिज एण्ड रिसर्च प्रा.लि. रानीगाउं, भैरहवाले आ.व. २०७०/०७१ को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार यस कार्यालयमा मिति २०७१।०९।३० मा दाखिला गरेको आय विवरणसाथ संलग्न वासलात तथा नाफा/नोक्सान हिसाब परीक्षणको सिलसिलामा उपलब्ध भएसम्मका कागजात, फाँटवारी तथा प्रमाणहरू आदि समेतलाई अध्ययन, छानविन तथा परीक्षण गर्दा आयकर ऐन, २०५८ अनुसार समावेश गर्नु पर्ने आय आयमा समावेश नभएको/कट्टी गर्न नपाइने खर्च कट्टी गरेको देखिएकोले आयमा समावेश

गर्नु पर्ने रकमहरू आयमा समावेश गरी तथा खर्च कट्टी नपाइने रकमहरू खर्च कट्टी अमान्य गरी सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्न यस कार्यालयको मिति २०७२।०५।१० मा जारी गरिएको सूचनामा उल्लेख भएका विषयहरूमा ताहांवाट मिति २०७२।०५।२५ मा पेश भएका प्रमाण, कागजातहरूको छानवीन तथा जिकिरलाई समेत विश्लेषण गरी आयकर ऐन २०५८ को दफा १०१ वमोजिम संशोधित कर निर्धारण गर्ने मिति २०७२।०५।२७ को निर्णयबाट उक्त आ.व. २०७०/०७१ को लागि करयोग्य आय रू.५,२६,०७,२०९।- (अक्षरेपी पाँच करोड छब्बीस लाख सात हजार दुई सय नौ रूपैया मात्र) कायम गरिएको भनी आयकर ऐन, २०५८ को दफा १०२ बमोजिम ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले करदाताको नाममा च.नं.२०६ को पत्रबाट मिति २०७२।०५।२७ मा जारी गरेको सूचना।

६. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७२।०५।२७ मा जारी भएको संशोधित कर निर्धारण आदेशको सूचना करदाताले मिति २०७२।०६।१७ मा बुझेको भरपाई मिसिल संलग्न रहेको।

७. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७२।०५।२७ मा जारी गरेको आ.व. २०७०/०७१ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझाई करदाता श्री युनिभर्सल ईन्स्टिच्यूट अफ एडभान्स स्टडिज एण्ड रिसर्च प्रा.लि.रानीगाउं, भैरहवाले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७२।०८।१५ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

८. ह्रास खर्च कट्टी रू.८,९९,३८,६२४।- को सम्बन्धमा, कार्यालयबाट आर्थिक वर्ष २०६९/०७० कर निर्धारण अनुसार कायम भएको ह्रास आधारमा यस वर्ष थप भएको सम्पत्ति समेतको हिसाब गरी तयार पारिएको ह्रास आधारबाट जम्मा रू.८,८६,५१,०१५।- मात्र खर्च दाबी गर्न पाउने देखिंदा फरक पर्न जाने रू.१२,८७,६०९।- बढी ह्रास खर्च दाबी गरेको नमिलेको भनी आयकर ऐन (संशोधन सहित), २०५८ को दफा १९ बमोजिम खर्च कट्टी दिन नमिल्ने, ब्याज खर्च रू.१४,५६,३९५।- सम्बन्धमा, निवेदक स्वयंले एकातिर ऋण लिई ब्याज खर्च दाबी गरेको र अर्कोतर्फ सो रकम अन्यत्र विना ब्याज सापटी दिएको देखिएकोले उक्त ब्याज खर्च रकम आयकर ऐन (संशोधन सहित), २०५८ को दफा १४ बमोजिम खर्च कट्टी दिन नमिल्ने भनी कार्यालयबाट भएको संशोधित कर निर्धारण कानून सम्मत देखिएकोले निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ तथा गत आर्थिक वर्षबाट जिम्मेवारी सारेको व्यवसायको नोक्सानी रू.१,३५,८१,५३९।– को सम्बन्धमा, कार्यालयबाट कर परीक्षण हुँदा नोक्सानी नरही करयोग्य आय कायम भएको अवस्थामा उक्त गत आर्थिक वर्षको नोक्सानी सार्न दिन मिल्ने देखिदैन। तसर्थ कार्यालयबाट आयकर ऐन (संशोधन सहित), २०५८ को दफा २०(१) बमोजिम नोक्सानी सार्न नपाउने ठर्हछ भनी गरेको संशोधित कर निर्धारण कानून सम्मत देखिएकोले निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ, क्रेडिट दाबी रू.२५,८७,३४१।- को सम्बन्धमा, निवेदकले गत आर्थिक वर्ष २०६९/०७० मा बढी कर दाखिला गरी यस आर्थिक वर्ष

२०७०/०७१ को स्वयं कर निर्धारणको आय विवरणमा अनुसूची १० मा क्रेडिट दावी गरेको रू.२५,८७,३४१।- कार्यालयले विना कारण अमान्य गरेकोले सो रकम क्रेडिट दावी पाउनु पर्ने भनी लिएको जिकिर तर्फ हेर्दा कार्यालयबाट निवेदकको नाममा जारी भएको मिति २०७१।१०।२५ को आर्थिक वर्ष २०६९/०७० को संशोधित कर निर्धारण आदेशमा निवेदकको उक्त आर्थिक वर्षमा बढी कर दाखिला कायम नभएको अवस्थामा उक्त रकम मान्य गरी पाउँ भनी लिएको निवेदकको जिकिर नपुग्ने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०३।२७ मा भएको निर्णय।

९. पुनरावेदक करदाता कम्पनीले दावी गरेको ह्रासयोग्य सम्पत्तिको ह्रास खर्च अमान्य गरेको, व्यवसायको आय आर्जनको लागि बैंक तथा वित्तीय संस्थासँग लिएको ऋणको ब्याज खर्च अमान्य गरेको तथा गत आर्थिक वर्षको आय विवरण बमोजिम कायम भएको नोक्सानीलाई मान्यता नदिई बढी नोक्सानी दावी लिएको भनी सुरू कार्यालयबाट मिति २०७२।०५।२७ मा भएको संसोधित कर निर्धारण आदेश र उक्त आदेश सदर हुने ठहर गरी भएको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०३।२७ मा भएको निर्णय समेत गैरकानूनी र अन्यायपूर्ण हुँदा वदर गरी पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताले मिति २०७६।०७।०७ मा यस न्यायाधिकरणमा पेश गरेको पुनरावेदन पत्र।

१०. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६।१०।१० मा भएको आदेश।

११. यसमा यीनै पुनरावेदक प्रा.लि.को आ.व. २०६९/०७० को आयकर निर्धारण सम्बन्धमा आन्तरिक राजस्व विभागबाट मिति २०७३।०३।०८ मा प्रशासकीय पुनरावलोकनको निर्णय समेत भैसकेको भन्ने प्रस्तुत मुद्दाको मिसिल संलग्न आन्तरिक राजस्व विभागको मिति २०७६।०३।२७ को निर्णयको व्यहोराबाट देखिएकोमा उल्लेखित आ.व. २०६९/०७० को कर निर्धारण आदेश उपरको प्रशासकीय पुनरावलोकनको मिति २०७३।०३।०८ को निर्णयको सूचना पुनरावेदक करदातालाई दिएको छ, छैन? दिएको भए उक्त सूचना, सो सूचना बुझेको भरपाई तथा उक्त निर्णयको प्रमाणित प्रतिलिपी समेत आन्तरिक राजस्व विभागबाट झिकाउनू । साथै पुनरावेदकले पुनरावेदन पत्रको प्रकरण ६ मा उल्लेखित ऐन बमोजिम निर्धारित रकम १,७२,०६,८५०/-को आधाले हुने रु.८६,०३,४२५/- दाखिला गर्नुपर्नेमा आय विवरण साथ रु.६९,२४,६८९/- दाखिला भै रहेको र विभागमा निवेदन गर्दा राखेको नगद रु.४८,००,०००/- समेत जम्मा रु १,१७,२४,६८९/- दाखिला भै रहेको हुँदा थप रकम दाखिला गरिएको छैन भन्ने समेत व्यहोरा उल्लेख गरेको र मिसिल संलग्न ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरको च.नं.२०६ मिति २०७२/५/२७ को संशोधित कर निर्धारण आदेश अनुसार यी पुनरावेदक करदाता युनिभर्सल इन्स्टीच्यूट अफ एडभान्स स्टडीज एण्ड रिसर्च प्रा.लि. को आ.ब. २०७०/०७१ को लागि आयकर

ऐन,२०५८ को दफा १०१ बमोजिम निर्धारित संशोधित कर रु.१,७२,०६,८५०/- देखिएकोमा आय विवरण साथ अग्रिम दाखिला कर रु.६९,२४,६८९/- तथा आन्तरिक राजश्व विभागमा पुनरावेदन गर्दा भौचर नं.२६६१३ मिती २०७२/८/१४ बाट रु.४८,००,०००/- समेत रु.१,१७,२४,६८९/- दाखिला भै सकेको भन्ने देखिएको स्थितिमा प्रस्तुत मुद्दामा पुनरावेदन गर्दा राख्नुपर्ने थप धरौटी सम्बन्धमा बोली रहनु परेन भन्ने समेत बेहोराको यस न्यायाधिकरण बाट मिति २०७७/१०/६ मा भएको आदेश ।

१२. यसमा पुनरावेदक करदाताले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१)(क) बमोजिम राख्नुपर्ने विवादित कर रकम रु.८२,३६,९३१।- को पचास प्रतिशत रकम धरौटी नराखी पुनरावेदन पत्र दर्ता गरेको देखिँदा यो आदेश भएको १५ दिन भित्र धरौटी रकम दाखिला गर्न लगाई लगाउका मूल्य अभिवृद्धि करका मुद्दा समेत साथै राखी नियमानुसार पेश गर्नु भन्ने मिति २०७९।०५।१९ मा यस न्यायाधिकरणबाट भएको आदेश।

१३. उक्त आदेश बमोजिम करदाताले तारिख १६ सेप्टेम्बर २०२२ मा धरौटी रकम दाखिल गरी भौचरको प्रतिलिपी मिति २०७९।०६।०२ को निवेदन साथ पेश गरेको।

१४. यसमा प्रस्तुत पुनरावेदक करदातासँग सम्बन्धित यसै राजस्व न्यायाधिकरणमा दायर भै विचाराधीन रहेको ०७७-RB-०२९७ को मुद्दा साथै राखी लगाउका ०७६-RB-०८६, ०७७-RB-०५९५ र ०७७-RB-०५९६ का मुद्दाहरु समेत नियमानुसार पेश गर्नू भन्ने मिति २०७९।१२।२८ मा यस न्यायाधिकरणबाट भएको आदेश।

## ठहर खण्ड

१५. नियम बमोजिम पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता श्री युनिभर्सल इन्स्टीच्यूट अफ एडभान्स स्टडीज एण्ड रिसर्च प्रा.लि.का तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ता श्री सुरज श्रेष्ठले ठूला करदाता कार्यालयबाट पुनरावेदक करदाताको हकमा भएको आ.व. २०७०।७१ को संशोधित कर निर्धारणको आदेश तथा सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत मिलेको नहुँदा बदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१६. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले करदाताको हकमा ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश तथा सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय कानूनसम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भन्नेसमेत बेहोराको बहस जिकिर प्रस्तुत गर्नुभयो।

१७. करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको हकमा भएको मिति २०७२।०५।२७ को संशोधित कर निर्धारणको आदेश तथा प्रशासकीय पुनरावलोकनको क्रममा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०३।२७ मा भएको निर्णय मिलेको छ, छैन? करदाताको

पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१८. अव करदाताको पुनरावेदन पत्र अध्ययन गर्दा, करदाताले लिएको पहिलो पुनरावेदन जिकीर ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारण आदेशमा दावी लिईएको ह्रास खर्च रु.१२,८७,६०९।- लाई आयकर ऐन, २०५८ को दफा १९ बमोजिम खर्च कट्टी दिन नमिल्ने भनी गरिएको निर्णयका सम्बन्धमा रहेको देखिन्छ। करदाताले बढी ह्रास खर्च दावी नगरेको, यस बर्ष थप भएको सम्पत्ति समेतको हिसाब गरी तयार पारिएको ह्रास आधारबाट जम्मा रु.८,८६,५१,०१५/- मा दावी गर्न पाउनेमा जम्मा ह्रास खर्च रु.८,९९,३८,६२४।- दावी गरेको ह्रास खर्च कट्टी आयकर ऐन, २०५८ को दफा १९ बमोजिमको हुँदा ठूला करदाता कार्यालयले यस सम्बन्धमा गरेको निर्णय बदर हुनु पर्दछ भन्ने करदाताको मुख्य पुनरावेदन जिकीर रहेको देखिन्छ। करदाताको आ.व. २०६९।७० मा भएको संशोधित कर निर्धारणबाट यो आ.व. २०७०।७१ को लागि कायम ह्रास आधारमा यो आ.व. मा थप सम्पत्ति समेतको हिसाव गरी करदाताले जम्मा रु.८८६५१०५१।– ह्रास खर्च दावी गर्न पाउने देखियो। करदाताले रु.१२,८७,६०९।– बढी ह्रास खर्च दावी गरेको स्पष्ट रुपमा देखिन्छ। त्यसरी बढी दावी गर्नुको कारण आ.व. २०६९।७० को संशोधित कर निर्धारणमा परेको पुनरावेदन विचाराधिन रहेको भन्ने तर्क अघि सारेको देखियो। यिनै करदाताले यस न्यायाधिकरणमा दायर गरेको आ.व. २०६९।७० को आयकरतर्फको ०७७–RB–०५९५ को पुनरावेदन पत्रमा शुरु संशोधित कर निर्धारण आदेश सदर हुने ठहरी आज यसै इजलासबाट फैसला भइसकेको अवस्था छ। यसरी आ.व. २०६९।७० मा कायम ह्रास आधार भन्दा बढी दावी गरेको ह्रास खर्चले मान्यता पाउन सक्ने कुनै कानूनी आधार पेश गर्न नसकेको हुँदा शुरु संशोधित कर निर्धारण आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत अन्यथा देखिएन ।

१९. करदाताको दोस्रो पुनरावेदन जिकीर बैंकसँग ऋण लिई संजीवनी नर्सिङ्ग कलेजलाई निर्व्याजी सापटी दिएको रकममा तिरेको ब्याज खर्च रु.१४,५६,३९५।०० खर्च कट्टी नपाउने भन्ने ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारण आदेशको सम्बन्धमा रहेको देखिन्छ। संजिवनी नर्सिङ्ग कलेजलाई निर्व्याजी सापटी दिएको रकम कुनै सरोकार नै नभएको निकायलाई उपलब्ध गराएको नभई कम्पनीले शेयर लगानी भएको निकायलाई उपलब्ध गराएको र उक्त कलेजको Project development plan मा रहेको Land Acquisition, Building Expansion, Infrastructure development तथा Working capital को लागि आवश्यक पर्ने रकम व्यवसायिक कारोवारसँग सम्बन्धित रहेको हुँदा आयकर ऐन, २०५८ को दफा १४ अनुसार खर्च कट्टी पाउनु पर्ने भन्ने करदाताको मुख्य जिकीर रहेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा १४ मा कुनै रकम ऋण लिए वापत सो ऋण दायित्व सिर्जना भएकोमा सो रकम सोही बर्ष प्रयोग गरिएको वा सो बर्षमा प्रयोग गरिएका कुनै सम्पत्ति खरिद गर्न प्रयोग गरिएको भए सवै व्याज रकम खर्च कट्टी पाउने व्यवस्था रहेको देखिन्छ। प्रस्तुत करदाताले यो आ.व. २०७०।७१ मा समेत आफ्नो नगद प्रवाह

कम भएको कारण बैंकबाट ऋण लिई सोको व्याज खर्च कट्टी लिएको देखिन्छ । यसरी ऋण लिएको रकम आफ्नो व्यवसायमा लगानी नगरी अर्कै कम्पनी संजीवनी नर्सिङ्ग कलेजलाई Advance भनी निर्व्याजी सापटी दिएको देखिंदा त्यस्तो रकमको हकमा आयकर ऐन, २०५८ को दफा १४ आकर्षित भई व्याज खर्च कट्टी दिन मिल्ने कानूनी आधार देखिन आएन। त्यसेले सापटी दिएको रकमको करदाताले बैंकलाई व्याज तिरेको सरदर १० प्रतिशतको हिसावले समानुपातिक रुपमा हिसाव गर्दा हुन आउने व्याज रु.१४,५६,३९५।– खर्च कट्टी नपाउने भनी शुरु ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट भएको संशोधित कर निर्धारण आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत मिलेकै देखिन आयो।

२०. करदाताको तेस्रो पुनरावेदन जिकीर बढी नोक्सानी दावीको सम्बन्धमा रहेको देखिन्छ। पुनरावेदक करदाताले अघिल्लो आ.व.बाट जिम्मेवारी सारेको व्यवसायको नोक्सानी भनी रु.१,३५,८१,५३९।०० प्रस्तुत आ.व.मा खर्च दावी गरेको देखिन्छ।ठूला करदाता कार्यालयबाट प्रस्तुत करदाताको आ.व.२०६९।०७० मा भएको पूर्ण कर परीक्षणको क्रममा कुनै नोक्सानी कायम नभै रु.५,२८,८२,०६०।०० करयोग्य आय कायम भएको हुँदा प्रस्तुत आ.व.मा करदाताले रु. १,३५,८१,५३९।०० बढी नोक्सानी दावी गरेको भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ। करदाता कम्पनीको हकमा आ.व. २०६९।०७० को संशोधित कर निर्धारणको सूचना र निर्णय समेतबाट नोक्सानी घटाउने प्रत्यर्थी कार्यालयको निर्णय र कर निर्धारण उपर चित्त नबुझी पुनरावेदक करदाताले यस न्यायाधिकरण समक्ष पुनरावेदन गरेको देखिन्छ। उक्त ०७७-RB-०५९५ को आयकर मुद्दामा आज यसै इजलासबाट शुरू संशोधित कर निर्धारण आदेश सदर हुने ठहरी फैसला भइसकै अवस्था छ। उक्त आधारबाट समेत करदाताको आ.व.२०६९/०७० मा रु.५,२८,८२,०६०।०० मात्र करयोग्य आय कायम भएको देखिएकोले बढी नोक्सानी सारेको रु. १,३५,८१,५३९।— अमान्य गरी संशोधित कर निर्धारण गरेको निर्णय आयकर ऐन, २०५८ को दफा २०(१) को रोहमा कानून सम्मत देखिंदा शुरू निर्णय परिवर्तन गरिरहनु परेन।

२१. पुनरावेदक करदाताको अन्तिम पुनरावेदन जिकिर आ.ब.२०७०/०७१ को आय विवरणमा क्रेडिट दावी गरेको रु.२५,८७,३४१।- नपाउने सम्बन्धमा रहेको देखिन्छ। पुनरावेदक करदाताको पुनरावेदन जिकिर तर्फ विचार गर्दा आ.व. २०६९।७० मा बढी दाखिला भएको रकम रू.२५,८७,३४१।- क्रेडिट पाउन पर्ने भन्ने देखियो। ठूला करदाता कार्यालयबाट करदाताको नाममा जारी भएको मिति २०७१/१०/२५ को आर्थिक बर्ष २०६९/०७० को संशोधित कर निर्धारण आदेशमा निवेदकको उक्त आर्थिक बर्षमा बढी कर दाखिला कायम भएको देखिन आउँदैन। ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट जारी उक्त सूचनामा किस्ता बन्दी अग्रिम आयकर दाखिला मिलान विवरण भनी मिति २०६९।९।२९ को रु.२५,००,०००।– मिति २०७०।३।३१ को रु.२५,००,०००।– र मिति २०७०।६।१ को रु.२५,००,०००।– गरी जम्मा

रु.७५,००,०००।– मिलान गरिदिएको देखिन्छ। करदाताले दावी लिएको रकम रु.२५,८७,३४१।– कुन मितिमा कुन भौचरबाट दाखिला भएको हो भनी ठोस प्रमाण सहित सम्बन्धित कर कार्यालयमा दावी गर्न गएमा अभिलेख हेरी पुष्टी भएमा मिलान गरिदिने नै हुँदा यो जिकिरको सम्बन्धमा थप विवेचना गर्न परेन ।

२२. तसर्थ माथि विवेचित आधार एवं कारण समेतबाट पुनरावेदक करदाता श्री युनिभर्सल इन्स्टीच्यूट अफ एडभान्स स्टडीज एण्ड रिसर्च प्रा.लि.(स्थायी लेखा नं.३००६६२२५२) को आ.व.२०७०/०७१ को संशोधित कर निर्धारण गरी ठूला करदाता कार्यालयबाट मिति २०७२।०५।२७ मा भएको निर्णय तथा सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०३।२७ मा भएको निर्णय समेत मिलेकै देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

१. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पठाईदिनु।
२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनु।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, ललितपुर पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः- लक्ष्मी प्रसाद शर्मा
फैसला मितिः- २०८०।०२।२९।२
प्रमाणीकरण गर्ने लेखा सदस्यः-
फैसला प्रमाणीकरण मितिः-
राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप